# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

१ नं. प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६१

प.सं.
च.नं. 1312

मिति २०७५/०६/१९

बिषय :- कार्यपालिका बैठकको निर्णयको प्रतिलिपी पठाईएको ।

श्री इटहरी उपमहानगरपालिका

आर्थिक प्रशासन शाखा, योजना शाखा, घरनक्सा शाखा, राजश्व शाखा, सामाजिक विकास शाखा, जिन्सी शाखा, सुचना शाखा, वातावरण तथा बिपत् व्यवस्थापन शाखा, आन्तरिक लेखा परिक्षण शाखा, शिक्षा शाखा, कृषि शाखा, पशु शाखा, स्वास्थ्य शाखा, सहकारी शाखा, उद्योग

प्रस्तुत बिषय, यस उपमहानगरपालिका नगरकार्यपालिकाको मिति २०७५/०६/१८ गते बसेको बैठक संख्या ३२ का निर्णयहरु यसैसाथ संलग्न गरी तहाँको जानकारी एवम् आवश्यक कार्यान्वयनका लागि पठाईएको व्यहोरा अनुरोध गर्दछु ।

छवि रिजाल
प्रमूख प्रशासकीय अधिकृत
सहसचिव/रा.प.प्रथम श्रेणी

## मिति २०७५।६।१८ गतेको कार्यपालिकाको बैठकका निर्णयहरु:

बैठक संख्या: ३२

निर्णय नं. १

इटहरी उपमहानगरपालिकाको योजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

चालु आ.व.को स्वीकृत सामाजिक विकास सम्वन्धी कार्यक्रमहरुलाई थप व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउने उद्धेश्यले नगर कार्यपालिकाको कार्यालयबाट मसौदा गरी पेश गरेको सामाजिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ माथि सामान्य छलफल गरियो । उक्त कार्यविधिलाई थप स्पष्ट, व्यवहारिक र कार्यान्वयनयोग्य बनाउनको लागि कार्यपालिकाका सदस्यहरुबाट अध्ययन गरी सुझाव सहित अर्को कार्यपालिकाको बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

आ.व.२०७३/७४ तथा २०७४/७५ मा प्रारम्भ भै आ.व. २०७४/७५ मा निर्माण सम्पन्न भएका तर विभिन्न कारणले भुक्तानी बाँकी रहेका योजनाहरुको भुक्तानी दिने सम्वन्धमा मिति २०७५/०५/३१ को कार्यपालिकाको बैठकमा पेश भई छलफल हुँदा वडा नं. ८ का वडाध्यक्ष श्री रोहीत कुमार चौधरीको संयोजकत्वमा श्री कल्याण बहादुर कार्की वडाध्यक्ष ५ नं. वडा, श्री गायत्री चौधरी कार्यपालिका सदस्य, श्री अर्जुन कुमार दाहाल, ब. इन्जिनियर र इ.श्री महेश धिताल सदस्य रहेको एक कार्यदल गठन भएको र उक्त कार्यदलले स्थलगत रुपमा अध्ययन अवलोकल समेत गरी भुक्तानीका लागि सिफारिस सहितको प्रतिवेदन गरे अनुसार देहाय बमोजिम भुक्तानी गर्न बाँकी रहेका योजनाहरुको रकम भुक्तानी गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

### क. टेंग्रा खोला तथा खेती खोलाको निर्माण कार्य :

| क.सं. | योजनाको नाम | वडा नं. | सम्झौता रकम | फर्मको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १. | टेंग्रा खोला पुल दांया बांया नदी नियन्त्रण तथा प्रोटेक्सन वाल निर्माण | इटहरी -२,३ | ३३९,८९०/३० | शिव निर्माण सेवा, इटहरी -१ | |
| २. | खेती खोला पुलमा ड्रेन तथा माटोको ड्याम निर्माण | इटहरी -७ | ४९८,३५०/३० | सिटौला निर्माण सेवा, इटहरी -१ | |
| ३. | टेंग्रा खोला पुर्व दक्षिण रिटेनिङ्ग वाल निर्माण | इटहरी -२,३ | ३६२,६३९/६० | भवानी निर्माण सेवा, धरान | |
| ४. | टेंग्रा खोला पुर्व दक्षिण रिटेनिङ्ग वाल निर्माण | इटहरी -२,३ | ३७८,३३९/५० | मन्जु श्री निर्माण सेवा, धरान | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | टेंग्रा खोला दक्षिण तारजाली लगाउने कार्य | इटहरी - २,३ | ४१५,९२०/७० | ब्राइट वुल निर्माण सेवा, धरान | |
| ६. | टेंग्रा खोला पुर्वदक्षिण तारजाली लगाउने कार्य | इटहरी - २,३ | ४१०,६३४/६० | कृष्ण निर्माण सेवा, इटहरी | |
| ७. | टेंग्रा खोला उत्तरपुर्व तारजाली लगाउने कार्य | इटहरी - २,३ | ४५६,८७०/४० | कृष्ण निर्माण सेवा, इटहरी | |
| | | जम्मा : | २८,६२,६४५/३९ | | |

ख. मेयर तथा उपमेयरको कार्यालय भवन निर्माण कार्य :

| क्र.सं | योजनाको नाम | स्थान | सम्झौता रकम | फर्मको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १. | मेयर भवनमा रङ्ग रोगन | मेयर भवन | ४०८,३०९/२७ | कुशल निर्माण सेवा, इनरूवा | |
| २. | मेयर भवनमा झ्याल ढोका निर्माण | मेयर भवन | ४९२,४७४/२३ | मुनाल कन्स्टक्सन, धरान | |
| ३. | मेयर भवन प्रि-फ्याव | मेयर भवन | ४९६,८३२/१३ | बाबा बुदेस निर्माण सेवा, कोशी गाउं पालिका | |
| ४. | मेयर भवन ट्रस लगाउने | मेयर भवन | २०६,०८७/८० | जय वजरंगवली निर्माण सेवा, प.कुसाहा | |
| ५ | मेयर भवन यु.पि.भि.सि. | मेयर भवन | ३५२,९२०/१९ | दिप एण्ड सन्स कन्स्टक्सन | |
| ६. | मेयर भवन जगको कार्य | मेयर भवन | ४८०,१४९/२२ | सेलेस्टि कन्सटक्सन, इनरूवा | |

छवि रिजाल
प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | मेयर भवन फिलिङ्ग तथा फ्लोरिङ्ग | मेयर भवन | ४८०,१४९/४० | हरिना निर्माण सेवा श्रीपुर | |
| ८. | मेयर भवन ट्वाइलेट निर्माण | मेयर भवन | ३८९,४१८/५७ | योगराज निर्माण सेवा, इनरूवा | |
| | | जम्मा | ३३,०६,३४०/८१ | | |

ग. अन्य कार्यहरू:

| क्र.सं. | योजनाको नाम | स्थान | सम्झौता रकम | फर्मको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १. | कर शाखाको मर्मत सम्भार कार्य | नपा.कर शाखा | ३५५,४३३/२५ | श्री जयमाकाली कन्स्टक्सन नरसिंगा | |
| २. | ७ नं. वडा कार्यालय मर्मत | ७ नं. | ४७६,४७०/३३ | न्यू कोशी कन्स्टक्सन इटहरी | |
| ३. | ७ नं. वडा कार्यालय मर्मत | ७ नं. | ४९७,०१८/६४ | श्री गणेश निर्माण सेवा, विराटनगर | |
| ४. | सांस्कृतिक भवन मर्मत | सांस्कृतिक भवन | ४४४,०८३/८४ | श्री जय वजरंगवली निर्माण सेवा, प.कुसाहा | |
| ५. | सांस्कृतिक भवन शौचालय मर्मत | सांस्कृतिक भवन | ४६३,३७३/७३ | चण्डि निर्माण सेवा, मधुवन | |
| | | जम्मा | २२,३६,३७९/७९ | | |

छवि रिजाल
प्रमुख प्रशासकीय अधिकृत
(सह-सचिव)

निर्णय नं. ४

चा.लु. आ.ब.को २०७५/७६ को बजेटमा प्रत्येक वडाको लागि चालु खर्च बापत रु ५,००,०००/ विनियोजन भएकोमा उक्त बजेट वडाबाटै खर्च गर्ने सम्वन्धमा खर्च गर्ने क्रियाकलापहरु, प्रत्येक क्रियाकलापको खर्चको सिमा तथा खर्च गर्ने मोडालिटीबारे अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि ६ नं. वडाका वडाध्यक्ष श्री दिपक गौतमको संयोजकत्वमा गठित समितिले पेश गरे बमोजिम देहाय अनुसार खर्चको सिमा तथा खर्च गर्ने मोडालिटी स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय :

| क्र.सं. | खर्च शिर्षक | मासिक खर्च | वार्षिक खर्च |
|---|---|---|---|
| १. | बैठक भत्ता | १४,०००/- | १,६८,०००/- |
| २. | कार्यालय सम्वन्धी खर्च | १४,६१६/- | १,७५,४००/- |
| ३. | सवारी इन्धन | ८०५०/- | ९६,६००/- |
| ४ | बिविध | ५०००/- | ६०,०००/- |
| | जम्मा | | ५,००,०००/- |

खर्च गर्ने विधिहरु :

१. बैठक भत्ता: पदाधिकारी ५ जना र वडा सचिव १ जना समेत जम्मा ६ जनाको मासिक २ वटा बैठकको भत्ता यस शिर्षकबाट भुक्तानी दिने ।

२. कार्यालय सम्वन्धी खर्च: यस शिर्षकबाट कार्य सञ्चालनमा आवश्यक पर्ने डटपेन, गम, कागज, कार्वन, फाइल, स्टीच मेसिन, पिन र पन्चिङ मेसिन लगायतका सामानहरुमा खर्च गर्ने ।

३. पदाधिकारी इन्धन: वडा कार्यालयहरुले वडाको कामको सिलसिलामा वडाध्यक्ष तथा सदस्यहरुले मासिक ७० (सत्तरी) लिटर इन्धन प्रयोग गर्ने ।

४. विविध खर्च: वडा कार्यलयहरुले कार्यालयमा चिया खाजा वापत मासिक रु. ५,०००/- का दरले यस शिर्षकबाट खर्च गर्ने ।

निर्णय नं. ५

उपमहानगरपालिकाबाट देहाय बमोजिमका योजनाहरुलाई छनौट गरी बहुवर्षीय योजनाको रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

(क) कालोपत्रे सडकतर्फ :

(१) जब्दी मेलादेखि शम्भुनाथ आधारभूत विद्यालयसम्म (वडा नं. १६ र १७) ।

(२) बडहराबाट पटेरुवा अमहा, महुलिया हुँदै जनसहयोग उ.मा.वि.सम्म (वडा नं.१८, १९ र २०) ।

(३) हलगडादेखि कञ्चनचोकसम्म (वडा नं. ५ र १) ।

(ख) पक्की पूलतर्फ :

(१) वडा नं. २ को कर्णेल टोल

(२) वडा नं. १५ को भोटिया खोला

(३) वडा नं. १५ को भोटिया खोला

(४) वडा नं. १६ को टिटही टोल

(५) वडा नं. १६ को टिटहीं टोलपूर्व (मुल बाटोमा )

**निर्णय नं. ६**

२०७४ सालमा सम्पन्न भएको स्थानीय निर्वाचनबाट यस उपमहानगरपालिकाका निर्वाचित पदाधिकारीहरुको सपथ ग्रहण समारोह हुँदा मिति २०७४/३/२६ मा पूर्वाञ्चल साउण्ड एण्ड क्याटरिङ सेवा मार्फत हल भाडा र खाना खर्च बापतको रकम रु. ९७,४६२/५० र २०७४ सालको विजया दशमी तथा दिपावलीको उपलक्ष्यमा शुभकामना आदान प्रदान गर्ने कार्यक्रम हुँदा मिति २०७४/६/१० मा इटहरी ब्याङ्क्वेट प्रा.लि. मार्फत भएको हलभाडा र खाना खर्च बापतको रकम रु ९४,९२०/- विविध कारणले गत आ.व. मा भूक्तानी हुन नसकेको हुँदा बिल बमोजिमको रकम सम्वन्धित पक्षलाई भूक्तानी गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

गत आ.व.२०७४/७५ मा प्रदेश सरकार मार्फत सगरमाथा मार्ग इटहरी-५ मा सडक निर्माणका लागि प्राप्त भएको शसर्त अनुदान रकम रु. २०,००,०००/-मध्ये आ. व. को अन्तसम्ममा रु.१०,४७,८५४/९१ खर्च भई बाँकी रहेको रकम प्रदेश सरकारमै फिर्ता गरिएकोमा उक्त सडकमा लागत अनुमान एवं सम्झौता अनुसारको कार्य चालु आ. व. मा सम्पन्न भई रु.९,५२,१४५/०९ रकम भूक्तानीका लागि सम्वन्धित उपभोक्ता समिति मार्फत अनुरोध भई आएको हुँदा सम्झौता बमोजिम भूक्तानी गर्न बाँकी रकम हाल उपमहानगरपालिकाबाट भूक्तानी दिने र उक्त रकम सोधभर्नाको लागि प्रदेश सरकारको सम्वन्धित मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

चालु आ.ब.को आर्थिक ऐनमा व्यवस्था भए अनुसार विभिन्न प्रकारका करहरु असोज मसान्तभित्रै चुक्ता गर्ने करदातालाई विभिन्न प्रकारको छुट दिने व्यवस्था भएकोमा आगामी नगरसभाबाट अनुमोदन हुनेगरी उक्त कर छुट हुने अवधी २०७५ साल असोज मसान्तबाट बढाई पौष मसान्तसम्म कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस उपमहानगरपालिकाले संयुक्त राज्य अमेरिकाको क्यालिफोर्निया राज्यस्थित बर्कले शहर (Berkeley city) सँग भगिनी सम्वन्ध स्थापना गर्ने सम्वन्धमा आवश्यक प्रक्रिया थालनी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

नजिकै आईरहेका चाडपर्वहरु (बिजया दशमी, दिपावली, छठ लगायत) लाई समेत मध्यनजर गरी यस उपमहानगरपालिकाभित्रका मुल सडकहरु तथा मुल सडकसँग जोडिएका मुख्य मुख्य सडकहरुमा रहेका सडक बत्तीहरुको मर्मत सम्वन्धी कार्य प्रचलित कानून बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट अबिलम्व गर्ने निर्णय गरियो ।

छवि रिजाल
प्रमुख प्रशासकीय अधिकृत
(सह-सचिव)

निर्णय नं. ११

चालु आ.व.को वार्षिक बजेट तथा कार्यक्रममा खेलकुद शिर्षक अन्तर्गत विनियोजित बजेट कार्यान्वयन गर्नको निमित्त खेलकुद विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि तर्जुमाको क्रममा रहेको हुँदा देहायका खेलकुद सम्वन्धी कार्यक्रमलाई देहाय बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

(क) सगरमाथा युवाक्लब, इटहरी २० ले आयोजना गर्ने प्रथम तरहरा गोल्डकपका लागि रु.१५,०००/-

(ख) पानधारे युवाक्लब इटहरी ४ ले विजयादशमी तथा दिपावलीको उपलक्ष्यमा आयोजना गर्ने फुटबल प्रतियोगिताको लागि रु.१५,०००/-

(ग) पचरुखी युवाक्लव इटहरी ५ ले आयोजना गर्ने पचरुखी भेट्रान गोल्डकप प्रतियोगिताका लागि रु.१५,०००/-

(घ) अमझोकी क्लब इटहरी १० ले आयोजना गर्ने खेलकुद प्रतियोगिताको लागि रु.२५०००/-

(ङ) नेपाल उसु खेलकुद महासंघले आयोजना गर्ने १ नं. प्रदेशस्तरीय प्रतियोगिताको लागि रु. ५०,०००/-

(च) प्रगति समाज सेवा क्लब इटहरी ४ ले आयोजना गर्ने १ नं. प्रदेशस्तरीय भलिबल प्रतियोगिताको लागि रु. ५०,०००/-

(छ) इटहरी तेक्वान्दो डोजाङले आयोजना गर्ने सातौं मेयर कप तेक्वान्दो प्रतियोगिताको लागि रु.५०,०००/-

निर्णय नं. १२

सार्वजनिक दुर्गा पूजा समिति २०७५, इटहरीले दशैंको शुभ अवसरमा आयोजना गर्ने पुजा व्यवस्थापन कार्यक्रमका लागि पूजा कार्यक्रम सम्पन्न गरी विल भपाई तथा प्रतिवेदन पेश गर्ने गरी नगरपालिकाबाट रु. ५०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३

गत आ.व.२०७४/७५ को स्वीकृत कार्यक्रम अनुसार महिला जनप्रतिनिधिहरुबाट बिभिन्न स्थानीय तहहरुको अध्ययन अवलोकन भ्रमण कार्यक्रमको लागि रकम बिनियोजन भई विविध कारणबश कार्यक्रम हुन नसकेकोमा उपप्रमुख लक्ष्मी गौतमको संयोजकत्वमा सेफ हाउस व्यवस्थापन समितिका पदाधिकारीहरु, कार्यपालिकाका महिला सदस्यहरु, उपमेयर आत्मनिर्भर कार्यक्रमका पदाधिकारीहरु तथा कार्यालयका कर्मचारीहरु सम्मिलित भ्रमण टोलीले निकट भविश्यमा अन्य स्थानीय तहसँग समन्वय गरी उद्धेश्यमुलक ढङ्गले कार्यक्रम तर्जुमा गरी अध्ययन भ्रमण गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

यस उपमहानगरपालिकाको वडा नं. ११ को बुढीखोलाका किनार सिमरवानादेखि नहरको डिलैडिल पश्चिमतर्फ मिठ्ठी चोकसम्मको करिव १० कि.मि. सडक अत्यन्त जिर्ण भई सर्वसाधारणलाई आवतजावत गर्न कठिनाई भैरहेको र सुनसरी-मोरङ सिंचाई आयोजनाले मर्मत सम्भारका लागि कुनै तत्परता नदेखाएको हुँदा उक्त सडक दशैं अगाडी नै मर्मत गरी काम चलाउनका लागि त्यस क्षेत्रमा रहेका इटा व्यवसायीसँग समेत समन्वय र सहकार्यमा मर्मत गर्ने निर्णय गरियो ।

इटहरी उप-महानगरपालिका ... प्रदेश नं.-१ सुनसरी, नेपाल स्था. २०७३

छविलाल रिजाल
प्रमुख प्रशासकीय अधिकृत
(सह-सचिव)